# ९ बल्दो आगोबाट झिकिएको अगुल्टो

*<u>यस अध्यायको निम्ति पढ्नुहोस्:</u>* जकरिया १-३, प्रकाश १२:१०, प्रस्थान ३:२-१४, एफिसी २:८-१०, यूहन्ना १४:१५

*<u>स्मरण गर्नुपर्ने पदः</u>* "तिम्रो पापलाई मैले पखाली दिएँ। मैले तिमीलाई अत्यन्त दामी अर्थात् उत्तम लुगा लगाइ दिन्छु"(जकरिया ३:४ रूपान्तरित)।

येशू र सैतानको बिचमा भइरहेको द्वन्ध केवल धर्मशास्त्र बाइबलका पानाहरूमा मात्र नभएर हाम्रै जीवनमा यथार्थ रूपमा चलिरहेको छ भन्ने तथ्यलाई हामीले कहिलै पनि भुल्नुहुन्न। स्वर्गमा सुरु भएको महान् युद्धका (प्रकाश १२:७) नतिजाहरूका केहि उदाहरणहरूमाः विश्वको विभिन्न स्थानमा चलेको वा चलिहरेको युद्ध, अपराध तथा विभिन्न अपराधिक समूहरूले नियन्त्रण गरिरहेको समाज, हुलदङ्गा, जलिरहेका राजनैतिक, सामजिक तथा धार्मिक विद्रोहका भावनाहरू र विभिन्न रूपमा मानिसहरूले पाइरहेका अनगिन्ति दुःख कष्ट आदि। यो महान् सग्राम अर्थात् संघर्ष असिमित रूपमा सबै सृष्टिमा फैलिएका छन् (रोमी ८:२०-२२)।

येशू र सैतानको बिचमा भइरहेको युद्ध कुनै मध्य पूर्व एशियामा तेलको निम्ति भइरहेको युद्ध वा कुनै भौगोलिक, राजनैतिक र आर्थिक परिवर्तनको निम्ति होइन भनेर कहिलै पनि बिर्सनुहुन्न। यो संघर्ष मानिस जातीको निम्ति हो। प्रत्येक व्यक्तिको निम्ति हो। राष्ट्रहरू उदय हुन्छन् र बिलाएर जान्छन्। सरकार र देश चलाउने बिभिन्न बादहरू आउँछन् र जान्छन्। इतिहासका महान् विषय र दर्शनहरू आउँछन् र जान्छन्। केवल ती व्यक्तिहरू जसलाई येशूको धार्मिक पोसाक ओढेका हुन्छन्,

तिनीहरू सदासर्वदा स्थिर रहन्छन्। साँच्चिकै भनौं भने सैतानले पैसा, शक्ति राजनिती वा वादहरूसँग मतलव राख्दैन। तर उसको मतलव भनेको केवल ती मानिसहरूसँग हो जसलाई आफूसँग बिनाशको बाटोमा सँगै लिएर जान सकोस्। तर येशूको मृत्युद्वारा प्रत्येक व्यक्तिलाई ती बिनाशको बाटोबाट बचाउन सम्भव भएको छ। युगायुगको परिप्रेक्ष्यमा अत्यन्त महत्वपूर्ण विषय भनेकै मानिसले अनन्त बिनाश वा अनन्त जीवन रोज्नु हो। मानिसको अर्थपूर्ण वा अनर्थपूर्ण जीवनको बिकल्प त्यो भन्दा अरू कुनै पनि छैन।

## १. येरुशलेमको निम्ति उत्सुक (जकरिया १,२)

कतिपय बिवरण र प्रतिकहरू बुझ्न मुश्किल भएपनि जकरिया १, २ अध्यायहरू पढ्नुहोस्। यी दुई अध्यायहरूमा परमेश्वरले आफ्ना जनहरूलाई के सन्देश दिइरहनुभएको छ? यहाँ जे भइरहेका छन्, त्यसको पृष्ठभूमी के हो? यी दुई अध्यायहरूमा बाइबलका कुन् मूल निर्देशनहरू स्पष्ट रूपमा देखाइरहेको हामी पाउँछौं? यहाँ के प्रतिज्ञाहरू छन्? परमेश्वरका जनहरूको निम्ति के आशा पल्हाएको हामी पाउँछौं? तर कुन् शर्तमा? यहाँ लेखिएका सुत्रहरू के वर्तमान युगमा पनि समय सापेक्षिक छन् त?

७० वर्ष अघि बेबिलोन देश (आधुनिक इराक)ले येरुशलेमलाई जितेर विध्वँश गरेको थियो। तर त्यस शहरको भविष्यको निम्ति परमेश्वरले आशा प्रदान गर्नुभएको थियो। मन्दिर र येरुशलेम शहर दुवैको पुनःनिर्माण हुनेछ भनेर भविष्यवक्ता जकरियामार्फत परमेश्वरले सन्देश दिनुभएको थियो।

येरुशलेमका अगुवाहरूप्रति परमेश्वरले धेरै निको मान्नु भएको थिएन भनेर जकरियाले उनको श्रोताहरूलाई सुनाउँदै थिए। सन्देश सुन्नेहरूलाई जकरियाले उत्साह दिइरहेका थिए। यदि तिनीहरू पश्चाताप गर्दै परमेश्वरतिर फर्के परमेश्वर पनि तिनीहरूतिर

फर्किनुहुनेछ भनेर आफ्ना श्रोतावर्गहरूलाई सुनाएका थिए (१:१-३)। मानिसहरूले शक्ति पाउन् र परमेश्वरको सेवाको निम्ति मन्दिर बन्न निरन्तर रूपमा प्रेरणा पाउन् भन्ने हेतुले जकरियाले दर्शन देखेका थिए।

जकरियाले देखेका प्रथम् दर्शन अध्याय १मा उल्लेख गरेका छन्। यस दर्शनमा परमेश्वरले जकरियालाई अचम्मको उत्साह दिनुभएको थियो। परमेश्वरले भन्नुभयोः "येरुशलेममा रहने मेरा जन र सियोनको निम्ति म धेरै डाह गर्छु अर्थात् उनीहरूप्रति मेरो स्नेह अगाढ छ।" (जकरिया १:१४ रूपान्तरित)।

अनि यो भन्नुहुन्छ, "म येरुशलेममा फर्किनेछु। मेरो ममता र स्नेह ती मानिसहरूलाई देखाउनेछु। त्यहाँ मेरो मन्दिरको पुनःनिर्माण हुनेछ। जब येरुशलेमको पुनःनिर्माण हुन्छ तब कामदारहरूले नाप्ने धागो प्रयोग गरिनेछ।" परमेश्वरले घोषणा गर्नुभयो'" (जकरिया १:१६, रूपान्तरित)।

जकरियाकै समयकालमा येरुशलेम शहर र मन्दिरको पुनःनिर्माण हुन्छ भन्ने योजना नाप्ने डोरीलिने मानिसको प्रतिकले जनाएको थियो। तर झट्ट हेर्दा जगमात्र राखेकोले मन्दिर निर्माण हुनेकुरो असम्भव देखिएको थियो।

यहूदीहरूलाई आशाको सन्देश दिन जकरियाले अर्को दर्शन पाएका थिए (जकरिया २:१०-१३)। परमेश्वरले तिनीहरूले यो भन भनेर भन्नुभयो, "चिच्याउ र खुशी होओ" (रूपान्तरित)। अनि ती मानिसहरूको बिचमा आफू रहन प्रतिज्ञा दिनुभयो। जब परमेश्वरका जनहरू उहाँको उपासना गर्न मिल्न खोजेका थिए, ती प्रतिज्ञा तथा सन्देश अत्यन्त उत्साहप्रद भएको हुनुपर्दछ।

## २. दोष औँल्याउने सैतान र दोषित पापी (जकरिया ३:१)

जकरिया ३:१ले के सत्य कुराहरूलाई औँल्याउँछन्? येशू र सैतानको बिचमा भएको महान् अन्तरद्वन्ध र जकरियाले देखेको दर्शनलाई ख्याल गर्नुहोला।

यहाँ केहि मत्वपूर्ण बुँदाहरू देखाइएकाछन्। प्रथमतः मूल पुजारी यहोशूको बारेमा उल्लेख उनले गरेका छन्। परमेश्वरका सबै जनहरूको प्रतिनिधित्व उनले गरेको देखाइएको छ। त्यस दर्शनमा मूल पुजारी यहोशू परमेश्वरको सम्मुख खडा भएका छन्। इस्रायलका सबै पाप र कमोजोरीहरू बोकेको उनले प्रतिनिधित्व गर्दछन्। यसमा प्रश्न गर्ने ठाँउ छैनः मानिसहरू अनजान वा दोषरहित थिएनन्। तिनीहरू पापरहित थिएनन्। परमेश्वरले प्रदान गर्नुभएको पुनःसंरचनाको प्रतिज्ञा पाउन तिनीहरू सक्षम् वा योग्य थिएनन्। तर विश्वास र पश्चातापद्वारा परमेश्वरका प्रतिज्ञाहरू आफ्नै हुन् भनेर तिनीहरूले दावी गरेका थिए। तर सैतान परमेश्वरका जनहरूको खिलाफ दोष दिन त्यहाँ खडा भएको थियो। तिनीहरूको पश्चाताप, असल हुने चाहना र परमेश्वरबाट पाउने सदाशयता, करूणा र अनुग्रहको खिलाफमा सैतान बहस गर्दै थिए। मानिसहरूका पाप अत्यन्त भयङ्कर छन् र परमेश्वरले क्षमा दिनसक्दैनन् भनेर निरुत्साह गर्ने चलन येशू र सैतानको बिचमा हुने महान् अन्तरद्वन्धमा यो भन्दा अरू के होला? सारा इतिहास भरी मानिसहरू यस चक्रव्युहमा परेर नाशको बाटोमा लागेकाछन्। सैतानको धम्कि अझ कतिको जायज छ भन्दा हाम्रो पापको बारेमा उसले झुठो बोल्नु आवश्यक छैन। सैतानले हाम्रो पापको बारेमा सम्झना मात्र गराउनुपर्दछ। यदि परमेश्वरको सदाशयता र अनुग्रहप्रति हामी अज्ञानी छौं भने हामी निराशको बादलले चक्नाचुर हुनेछौं र आफूलाई धिक्कार्दै अनन्त जीवनबाट वंचित हुनतर्फ लाग्नेछौं। सैतानको सहायताबिना पनि हामीले देखिने हाम्रा पाप अत्यन्त महान् देखिनेछन् र दोषीको मनस्थितिले हामीलाई थिची राख्नेछन्।

हिब्रू भाषामा दोष दिने भन्ने शव्दको जरा सैतान शव्दबाट नै आएको हो। हिब्रू भाषामा दोषी भन्ने शव्द त्यहि सैतानको तिन अक्षरहरू मिलेर आएका हुन्। निःसन्देह सैतान दोष औँल्याउने व्यक्ति हो। तर हामीलाई यो प्रख्यात पद सबैलाई थाहा छः "अनि मैले स्वर्गबाट आएको चर्को स्वर सुनें। त्यो स्वर थियो, 'अब मुक्ति, शक्ति र परमेश्वरको राज्य आयो। येशूको अधिकार आइसक्यो। हाम्रा भाई र बहिनीहरूलाई दोष दिने सैतानलाई फैंकियो। उसले दिनरात हाम्रो परमेश्वरको सामु तिनीहरूको दोष देखाइरहेको थियो।'" (प्रकाश १२:१० रूपान्तरित)।

हामीले हाम्रो पापको बारेमा सम्झिरहनु उचित छैन। तर कहिलेकाहिँ इमान्दारीपूर्वक हाम्रो हृदयमा खोतलेर हेर्नुपर्दछ। आफ्नो जीवनलाई मुर्त रूप वा सार्थक बनाउन तपाईंले आफ्नो जीवनमा के परिवर्तन ल्याउनुपर्दछ? बाइबलमा दिएका प्रतिज्ञाहरू तपाईंकै निम्ति हो भनेर आत्मसात् गर्न के प्रतिज्ञाहरूलाई तपाईं दावी गर्न सक्नुहुन्छ? पापलाई बसमा राख्नुको सट्टा पापले तपाईंलाई बसमा राखे भने तपाईंले के गुमाउनुपर्नेछ सो याद गर्नुहोस्।

## ३. परमेश्वरको स्वर्गदूत (जकरिया ३:१-३)

अहिलेसम्म जकरिया ३ अध्यायमा दुई चरित्रहरू, सैतान र मूल पुजारी यहोशूको बारेमा छलफल गरेका थियौं। तर त्यहाँ तेश्रो व्यक्तिको पनि उपस्थित थियो। त्यस कथाको मूल पात्रको रूपमा खडा भएको व्यक्ति अत्यन्त महत्वपूर्णको थियो। त्यो हो "परमेश्वरको स्वर्गदूत"।

परमेश्वरको स्वर्गदूत को हो? हेर्नुहोस् यी पदहरूमा पनिः प्रस्थान् ३:२-१४, जकरिया ३:१,२।

जकरिया पुस्तकको यस भागमा उल्लेखित वर्णनले महान् अन्तरद्वन्धको बारेमा स्पष्ट चित्रण गरेको पाउँछौं। स्वामी येशूको

हातमा स्वइच्छाले पश्चाताप गरि सुम्पिएको प्रत्येक जीवनको निम्ति युद्ध छेडिएको नमुना यहाँ पाउँछौं। यहाँ उल्लेखित विषय वस्तु सम्झनुहोस्: “परमेश्वरको सामु इस्रायलीहरूले पश्चाताप गरे र उहाँतिर फर्किए।"-एलेन जी ह्वाइट, टेस्टिमोनिज फर द चर्च, ठेली ५, पृ. ४६८। त्यस समय, दोष देखाएर औंल्याउने सैतानको स्पष्ट काम उदाङ्ग भएको पाउँछौं। उसले ठ्याक्कै के भन्यो त? हामीलाई थाहा त छैन। तर बाइबलको इतिहासले औंल्याइएको मानवस्वभावलाई हेर्दा उसले सैतानले औंल्याएको दोषको चित्रण रमाइलो थिएन भन्न खोजेको हामी पाउँछौं।

जकरिया ३:१-३मा उल्लेख गरिए अनुसार यहोशूले लगाएको लुगाहरूको बारेमा हामीलाई के भन्छन्?

मूल पुजारी भएपनि यहोशूले फोहर लुगाहरू लगाइरहेको भनेर दोष ल्याइएको थियो। पापको गहिराइ कत्तिको रहेछ भनेर त्यसले देखाउँछ। प्रारम्भिक कालदेखि परमेश्वर र इस्रायलीहरूको बिचमा भएको करार वा सम्झौतामा परमेश्वरका सबै पुजारीहरू विशेष समूहको रूपमा खटिएको थियो। परमेश्वरले चुन्नुभएको राष्ट्रमा पनि पुजारीहरू अलग जाती थिए। पवित्र र विशेष कामको निम्ति परमेश्वरले तिनीहरूलाई नियुक्त गर्नुभएको थियो (प्रस्थान ३८:२१, गन्ती १:४७-५३, गन्ती ३:१२)। सारा इस्रायलीहरूको माझमा, पुजारीहरू परमेश्वर र मानिसहरूको बिचमा खडा भएका समूहको प्रतिक भएको कारणले तिनीहरूको लुगा अत्यन्त सफेद र सफा हुनुपर्दथ्यो।

तर हामी सबै जना कमजोरले लादिएका पापीहरू हौं भनेर बाँकी अध्यायहरूले स्पष्ट गर्दछन्। तर सैतानले उन्मुक्त भएर हामीलाई लगाएका अभियोगहरूको सामना गर्न परमेश्वरको स्वर्गदूत खडा हुनुभएको हामी पाउँछौं। उसले लगाएका अभियोगहरू सत्य होस् वा असत्य होस्, त्यसको मतलब हामीलाई छैन। परमेश्वरको स्वर्गदूत, प्रभु येशू हाम्रो निम्ति हामीलाई उद्धार गर्न हरदम तत्पर हुनुहुन्छ। बाइबलमा उल्लेखित सबै सत्यहरूमा यो अति नै महत्वपूर्ण सत्य हो।

हामी जतिसुकै अयोग्य भएपनि परमेश्वरको स्वर्गदूत हामीसँग हुनुहुन्छ भन्ने तथ्यलाई कहिलै पनि बिर्सनुहुन्न। यसलाई गलत नसम्झी वा यसबारे गलत तर्क नगरी यस तथ्यलाई हामीले हरदम् कसरी आत्मसात् गर्ने? यसमा गलत तर्कहरू कसरी समावेश हुनसक्छन्? चर्चपरिचर्चा गर्नुहोस्।

## ४. लुगाहरू फेर्ने प्रक्रिया (जकरिया ३)

प्रार्थना र ध्यानपूर्वक जकरिया ३ पढ्नुहोस्। यहाँ के के कदमहरू चालिएका छन्, हेर्नुहोस्। पापी भएतापनि मानिसहरूलाई परमेश्वरले कसरी उद्धार गर्नुहुन्छ भन्ने कुरालाई यहाँ छर्लङ्ग देखाइएको छ। परमेश्वरको मुक्तिको योजनाको बारेमा जकरियाले देखेका दर्शनले हामीलाई के सिकाउँछ?

यहोशुले नयाँ लुगाहरू लगाइदिन अघि पुरानो र फोहरी लुगाहरू पहिले फुकाली दिएका थिए भनेर पद ३-५ले जनाउँछन्। त्यसको अर्थ परमेश्वरले उसको पापलाई हटाउनुभएको हो (पद ४ रूपान्तरित)। मुक्ति पाएका मानिसहरूको निम्ति यो कस्तो अर्थमूलक प्रक्रिया हो? के अब यहोशू पापरहित भए त? त्यसको अर्थ के यहोशू अब आत्मा, हृदय र दिमागमा सिद्ध भएको वा कहिलै पनि पाप नगर्ने वा नखस्ने भएकै हो त? यहोशूलाई नयाँ लुगा लगाइदिनु अघि के उनी यस अवस्थामा पहिला पुग्नु परेको थियो त? यदि हो भने, हामीमा के आशा छ त?

त्यसको अर्थ यो हो बरू, उनका दोषहरू उनीबाट हटाएका थिए। एलेन जी ह्वाइट भन्नुहुन्छः "यहोशू र उनका जनहरूका पापहरू क्षमा भएका थिए। नयाँ पोसाकले इस्रायली सजिएका थिए। नयाँ पोसाकको अर्थ येशूको धार्मिकता उनीहरूमा हस्तारन्तरण भएको जनाउँछ। जुन टोपी यहोशूले टाउकोमा लगाए त्यो पुजारीले लगाउने खालको टोपी थियो। त्यस टोपीमा "परमेश्वरको निम्ति पवित्र

तुल्याइएको" भन्ने शव्दहरू कुँदिएका थिए। त्यसको अर्थ, यहोशूको बिगत पापको बाबजूद पनि अब उनी परमेश्वरको मन्दिरमा उहाँको सेवा गर्न योग्य पारिइएको देखाउँछ।" एलेन जी ह्वाइट, *टेस्टिमोनिज फर द चर्च,* ठेली ५, पृ. ४६९बाट रूपान्तरित।

पद ७मा यहोशूलाई लुगा फेरिदिएपछि परमेश्वरका स्वर्गदूतले उनलाई के भन्नुभएको थियो? यहाँ उल्लेखित क्रम किन महत्वपूर्ण छन्?

प्रथमतः यहोशूलाई विशेष लुगा पहिराइ दिएका थिए। अनि परमेश्वरको आज्ञा मान्नु र उहाँको मार्गमा हिंड्न निर्देशन दिइएको थियो। यहाँ उल्लेखित बुँदाहरूलाई हामीले वेवास्ता गर्नुहुन्नः विश्वासद्वारा यहोशूलाई येशूको धार्मिकता दिइएको थियो। परमेश्वरको मार्ग तथा उहाँको आज्ञाहरू पालन गर्न अगावै त्यो धार्मिकताले उनलाई सम्मान गरिएको थियो। त्यसपछिमात्र परमेश्वरलाई पछ्याउने आज्ञाहरू आएका थिए। तर यदि पहिला आज्ञाहरू पालन गरेर धर्मी ठहरिएको भए येशूको धार्मिकताको कुनै मूल्य वा अर्थ हुने थिएन। यदि त्यस बहुमूल्य पोसाकले यहोशूलाई पहिला नपहरियाइदिएको भए उनका सबै लुगाहरू केवल फोहर हुन्थे।

## ५. क्रियाशील हुने निबेदन (एफिसी २:८-१०)

ईसाइ जगतको इतिहासमा धेरै मानिसहरूले धार्मिकताको पोसाक पहिरिएको अनुभव गरेको पाउँदैनौं। यो कसरी लगाइन्छ भन्ने कुरामा तिनीले बुझेका हुँदैनन्। तर यदि परमेश्वरको सम्वन्धमा शान्ति र आनन्दको अनुभव कसैले गर्न चाहन्छ भने येशूको धार्मिक पोसाक लगाउने ज्ञान बुझ्नु अत्यन्त जरुरी छ।

धेरै जसो हामी असल वा अरूको हितकारी वा परोपकारी काम गर्छौं ताकि हामीले मुक्ति पाओस् भनेर जकरियामा उल्लेख गरिएको सन्देशले पुष्टि गरेको पाउँदैनौं। न त हाम्रो असल क्रियाकलापले

हामीलाई परमेश्वरको नजिक ल्याउँदछ। जकरियाको दर्शनलाई वाख्या गर्दै एलेन जी ह्वाइट भन्नुहुन्छः

"पापले गर्दा हामी कस्तो अवस्थामा छौं भन्ने ज्ञान हामीमा हुनुपर्दछ। तर ख्रीष्टको धार्मिक चरित्रमा हामी भर पर्नुपर्दछ। हामीलाई उपलव्ध हुने मुक्ति र पवित्रता उहाँमा नै निहित हुनुपर्दछ। हाम्रो खिलाफमा सैतानले गरेका अभियोगहरूलाई हामी जवाफ दिन सक्दैनौं। केवल येशूले मात्र सैतानसँग बहस गर्न सक्नुहुन्छ र हामीलाई के हितकारी छ सो उहाँले हाम्रो अघि प्रस्तुत गर्नुहुन्छ। विभिन्न तर्कद्वारा सैतानको अभियोगहरूलाई येशूले साम्य पार्नुहुन्छ। सैतानको सामु येशूले आफ्नो असल चरित्रलाई जिकिर साथ प्रस्तुत गर्नुहुन्छ, तर याद गर्नुहोस् हाम्रो असल चरित्रलाई प्रस्तुत गरेर होइन।"-टेस्टिमोनिज फर द चर्च, ठेली ५, पृ. ४७२बाट रूपान्तरित।

माथिका अन्तिम दुई वाक्यहरूले परमेश्वरका सबै जनहरूको हृदयलाई चमकसाथ चम्काउनु पर्दछ। हाम्रो दिमागमा यो सत्यलाई घुसाउनुपर्दछ। यो सत्यलाई हाम्रो जीवनमा अनुभव गर्नुपर्दछ। हाम्रो भलाइ, असल काममा होइन तर येशूकै असल चरित्र वा भलाइको काममा भात्र हामी भर पर्नुपर्दछ। दाउदले भनेका छन्ः "जसको पाप वा अवैध क्रियाकलापहरूलाई क्षमा दिएका छन्, त्यो मानिस धन्यका हुन्। उसका पापहरू हटाइ दिएका हुन्छन्।" (भजन ३२:१ रूपान्तरित)

जकरिया ३लाई मध्यनजरमा राखेर एफिसी २:८-१०, यूहन्ना १४:१५ र रोमी ६:१-४ पढ्नुहोस्। जकरियाले उल्लेख गरेका दामी तथा बहुमूल्य पोसाक लगाउनु भनेको के हो भनेर उपर्युक्त पदहरूले कसरी वाख्या गर्दछन्?

अब जकरियालाई पवित्र पोसाकले छोपेको थियो। उनको जीवनले त्यो पवित्रतालाई देखाउनुपर्नेछ। मानिसलाई प्रदान गरिएको पापमाथि बिजय प्राप्त गर्ने परमेश्वरले दिनुहुने शक्तिलाई हामीले पूर्ण

रूपमा उपयोग गर्नुपर्दछ। कुनै पापलाई हामीले स्विकार गर्नुहुन्न न त कुनै बहाना गरि त्योसँग सम्झौता गर्नुहुन्छ। जो व्यक्तिले येशूमा आफूलाई समर्पण गरेको छ त्यसलाई बिजयका अनेकौं प्रतिज्ञाहरू उपलव्ध गराइएकाछन्। ती बाचाहरूलाई आत्मसात् गरी दावी गर्नु प्रत्येक येशूभक्तको जिम्मेवारी वा धर्म हो। परमेश्वरका आज्ञाहरूलाई शिरोपर गर्दै जीउन सक्छौं भनेर येशूको जीवनले प्रमाणित गरेकाछन्। यदि हामी पाप गर्छौं भने त्यसालाई हामीले नै चुनेका हुन्छौं। हाम्रो अगाडि आएका निर्णयहरूलाई रोज्ने वा नरोज्ने? यस कुरालाई गहन जिम्मेवारसाथ बिचार गर्नु कत्तिको महत्वपूर्ण छ भनेर हामीले हरदम याद गर्नुपर्दछ।

तपाईं कुन पापसँग संघर्ष गरिरहनुभएको छ? येशूले दिनुभएको विजयको प्रतिज्ञालाई दावी गर्न तपाईंको सामु के प्रतिज्ञाहरू छन्?

## उपसंहारः

थप जानकारीः एलेन जी ह्वाइटका यी सामग्रीहरूलाई पढ्नुहोस्ः *द एसडिए बाइबल कमेन्टरी,* ठेली ४ को पृ. १०९२,१०९३, *प्रोफेटस् एण्ड किन्गस्,* पृ. ५८२-५९२ उल्लेखित "यहोशू एण्ड द आन्जल," *क्राइष्ट अवजेक्ट लेखसन्,* पृ. १६९, १७०को "श्याल नट गड आभेन्ज हिज ओन्?" र *टेस्टिमोनिज फर द चर्च,* ठेली ५, पृ. ४६७-४७६को "जोशुवा एण्ड द आन्जल"।

"परमेश्वरका जनहरूलाई अन्धकार र नाशले छोप्न सैतान हरदम इच्छुक भइरहेको हुन्छ। तर ख्रीष्ट सधैं तिनीहरूको साथमा हुनुहुन्छ। निःसन्देश परमेश्वरका जनहरूले पाप गरेका छन्, तर तिनीहरूको पापको सम्पूर्ण दोष आफूले नै बोक्नुभएको छ। जलिरहेको आगोबाट निकालिएको अगुल्टो झैं येशूले आफ्नो भक्तलाई पापबाट निकाल्नुभएको छ। येशूले मानव स्वभाव लिनुभएकोले उहाँ मानिससँग जोडिनुभएको छ। तर उहाँको ईस्वरिय तथा पवित्र चरित्रले गर्दा उहाँ

सनातन परमेश्वरसँग एक हुनुभएकोछ। आत्मिक रूपमा मरणासन्न भएको मानिसलाई उसकै हातको नजिक सहायता आइएको छ। परम सत्रु सैतान हारिएको छ..... हो, परमेश्वरका जनहरूमा कमजोरीहरू छन्। तर आफ्नो हेरचाहबाट येशूले मानिसहरूलाई पन्छाउनुहुन्न। तिनीहरूका पोसाकहरूलाई बदल्ने शक्ति येशूमा छ। फोहरी लुगाहरूलाई उहाँले हटाउनुहुन्छ, पश्चाताप र विश्वास गर्ने मानिसलाई उहाँले आफ्नो धार्मिक पोसाक लगाइदिनुहुन्छ। स्वर्गको लेखामा उहाँले ती मानिसहरूका नाउँको अगाडि क्षमा दिइएको भनेर पनि लेख्नुहुन्छ।"-एलेन जी ह्वाइट, *क्राइष्ट अवजेक्ट लेसनस्,* पृ. १६९,१७०बाट रूपान्तरित।

“पश्चाताप हृदयले परमेश्वरका जनहरूले आफ्ना हृदयहरूलाई शुद्ध राख्न विन्ति गर्दछन्। फेरि त्यसै वखत परमेश्वरबाट यो निर्देशन दिइएको छ, “यहोशूको फोहर लुगा फुकाल" र यी उत्साहप्रद वचनहरू बोल्नुहुन्छ, “मैले तिम्रो पापलाई हटाइदिइसकें। मेरा दामी तथा बहुमूल्य लुगाहरू तिमीलाई लगाइदिन्छु।" जकरिया ३:४ रूपान्तरित। शोकग्रष्त, परिक्षामा परेका परमेश्वरका विश्वासी भक्तजनहरूलाई ख्रीष्टले आफ्नो दागरहित पोसाक लगाइदिनुहुन्छ। परमेश्वरका जनहरू महिमित तथा तेजस्वी पोसाकले सज्जिएक हुन्छन्। यस संसारको पापले तिनीहरू फेरि कहिलै पनि दागी हुनेछैनन्।"-एलेन जी ह्वाइट, *प्रोफेटस् एण्ड किंगस्* ,पृ. ५९१बाट रूपान्तरित।

**चिन्तनमनन:**

१. तेश्रो बुँदाको अन्तिम प्रश्नप्रति चिन्तन गर्नुहोस्।

२. लुगा फेरिदिएपछिमात्र परमेश्वरको आज्ञा पालन गर्न निर्देशन दिइएको थियो भन्ने तर्कलाई गहिरिएर सोच्नुहोस्। यो तर्क सम्झनु किन महत्वपूर्ण छ? यसले हाम्रो मुक्तिको बारेमा के सन्देश दिँन्छ? हाम्रो धर्म,

कर्म, त्याग तपस्या परोपकारी काम आदिको परिणामबाट हामी मुक्ति पाउँदैनौं भन्ने कुराको आधार के छ? ती भिन्नतालाई हरदम ख्याल गर्नु किन महत्व छ?

३. सुसमाचारको बारेमा सोच्नुहोस्ः हाम्रो लुगा जतिसुकै फोहर वा नाजुक भएतापनि हामीलाई नयाँ लुगाहरू उपलव्ध गराइको छ। तपाईंको जीवन, भावना र संसार तथा अरूप्रति दृष्टि गर्ने सम्पूर्ण कुरालाई त्यस आत्मज्ञानले कस्तो असर पार्न सक्दछ?